# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
# सामान्य सेवा विभाग
बालुवाटार, काठमाण्डौं

## **Computer, Server and Laptop** खरीद गर्ने बारेको शिलवन्दी वोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६५।०८।०२)

यस बैंकको केन्द्रीय कार्यालय तथा जिल्लास्थित कार्यालयहरुको लागि Computer, Server and Laptop हरु खरिद गर्नु परेकोले इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएकोछ ।

१. वोलपत्रमा समावेश हुन चाहने फर्म /कम्पनीहरुले निम्नानुसारका कुनै एक वा सवै सामनहरु को लागि वोलपत्र पेशगर्न सक्नेछ ।

| सि.नं. | सामानको नाम | संख्या |
|---|---|---|
| १ | Computer Branded<br>केन्द्रीय कार्यालयको लागि थान ७०<br>विरगञ्ज कार्यालयको लागि थान ७<br>पोखरा कार्यालयको लागि थान ३<br>सिद्धार्थनगर कार्यालयको लागि थान ५<br>नेपालगञ्ज कार्यालयको लागि थान २<br>धनगढी कार्यालयको लागि थान ४ | ९१ |
| २ | Server for district office | ४ |
| ३ | Server for central office | १ |
| ४ | Remote Access Server | १ |
| ५ | Laptop Computer | ६ |

२. Branded Computer, Server (LCD Monitor) र ल्यापटप कम्प्यूटर आपूर्ति गर्दा Gratner List मा समाबेश भएका मात्र आपूर्ति गर्नु पर्नेछ ।

३. वोलपत्र पेश गर्न चाहने फर्म /कम्पनीहरुले वोलपत्र फारामका साथ फर्म/कम्पनी दर्ता गरेको प्रमाण-पत्र (नविकरण गर्नु पर्ने भए सो समेत गरेको), मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४. फर्म वा कम्पनीको तर्फबाट वोलपत्र फाराम पेश गर्दा फर्मका तर्फवाट अख्तियार दिइएको भए सो को पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. वोलपत्र फाराम साथ जमानत वापत आफुले कवुल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने बैंकबाट जारी न्यूनतम ९० दिनको मान्य अवधि भएको बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ ।

६. वोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औ ( २०६५/०९/०१) दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह ३.०० बजेसम्म रु.२०,०००।०० पछि फिर्ता नहुने गरी वोलपत्र दस्तुर तिरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार तथा बैंकिङ्ग कार्यालय थापाथलीबाट खरीद गर्न सकिनेछ ।

७. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं (२०६५/०९/०२) दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह १२:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा वोलपत्र दाखिला भई सक्नु पर्नेछ र सोहि दिन दिउंसो १:०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा ( उपस्थिति नभए पनि) वोलपत्र खोलिनेछ ।

८. बोलपत्रदाता कूनै सरकारी वा गैर सरकारी संस्थाको कालो सुचीमा परेको हुनु हुदैन । बोलपत्र दाताले आफू बोलपत्रमा भाग लिन हरतरहले योग्य भएको स्वघोषण पत्र पेश गर्नु पर्ने छ ।

१०. बोलपत्रदाताले प्री बिड मिटिङ्गमा अनिबार्य रुपले सहभागी हुनु पर्ने छ । प्री बिड मिटिङ्ग मिति २०६५/०८/२२ गते मध्यान्ह १२.३० मा (सो दिन बिदा परेमा त्यसको भोलि पल्ट) हुनेछ ।

११. यो सूचना नेपाल राष्ट्र बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

१२. वोलपत्र सम्वन्धी अन्य शर्तहरु वोलपत्र फाराम तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नेपाल राष्ट्र बैंक खर्च ब्यबस्था बिनियमावली २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।